बाह्रविसे नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्वन्धी कार्यविधि,२०७५

प्रस्तावनाः

नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको एकल अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) ले दिएको अधिकार प्रयोग गरी यस बाह्रविसे नगरपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो आन्तरिक आय संकलन कार्यविधि तर्जुमा गरी मिति २०७५।०३।१० गतेको बाह्रविसे नगरकार्यपालिकाको बैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्वन्धी कार्यविधि २०७५ रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२.परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) आन्तरिक अया भन्नाले प्रचलित ऐन, दफावली र कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भिको व्यवसायमा पूँजीगत लगानी,आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा नगरपालिकाको सभावाट स्वीकृत दर बमोजिम ठेक्का,अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर,दस्तुर,सेवा,शुल्क,विक्री,आदी आयलाई सम्झनुपर्छ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बाह्रविसे नगरपालिकाको प्रमुख प्रशासकीय अधिृतको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) कर अधिृत भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकी अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) वडा भन्नाले बाह्रविसे नगरपालिकाको वडा सम्झनु पर्छ ।

(च) कार्यालय भन्नाले बाह्रविसे नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ। सो शव्दले वडा कार्यालय समेतलाई बुझाउँदछ।

(छ) शाखा भन्नाले राजश्व शाखालाई सम्झनुपर्छ।

(ज) व्यवसायी भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिकामा व्यवसाय दर्ता भएको व्यक्ति/फर्म/संघसंस्थालाई सम्झनु पर्दछ।

(झ)स्थानीय तह भन्नाले बाह्रविसे नगरपालिकालाई सम्झनु पर्नेछ।

३. स्थानीय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :

(१) स्थानीय सरकार संचालन ऐन,२०७४ को अधीनमा रही बाह्रविसे नगरपालिकाको नगरसभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न बाह्रविसे नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ।

तर बाह्रविसे नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक-पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व वढ्न जाने अवस्थामा वढीमा २ वर्ष सम्मको लागि एकै पटक ठेक्का बन्दोवस्त गर्न सकिनेछ।

स्पष्टीकरण: यस कार्यविधि प्रयोजनको लागि आन्तरिक आय भन्नाले नेपाल सरकारवाट प्राप्त हुने अनुदान,राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय तहले आफ्नो क्षेत्र भित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ।

(२) दुई वा दुई भन्दा वढी स्थानीय तहको समूहले आपसी सहमतिद्धारा संयुक्त रुपमा उपदफा(१) बमोजिम ठेक्का बन्दोवस्त गर्न सकिनेछ।

(३) बाह्रविसे नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुन अगाडी नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरि सक्नु पर्नेछ। यसरी ठेम्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन।

(४) उपदफा(१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता,श्रोत परिचालनको व्यवस्थापन,लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड(क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भई सकेपछि ठेक्का बन्दोवस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट,ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्वन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड(क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्धारा र पाँच लाख रुपैयाँ भन्दा वढी उठ्ने भएमा बोलपत्र/दरभाउपत्र आह्वन गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड(ग) बमोजिम बोलपत्र आह्वन गर्दा बीसलाख रुपैयाँ सम्म भए स्थानीय वा राष्ट्रियस्तरको नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । बीस लाख रुपैयाँ भन्दा वढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ :-

(ङ) खण्ड(घ) बमाजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,